आज मिति २०७९ साल बैशाख २२ गते विहीवारका दिन व्यास नगरपालिका नगर कार्यपालिकाको बैठक कार्यवाहक नगर प्रमुख श्री लेखबहादुर रानाज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

**<u>उपस्थिति</u>**

| | | |
|---|---|---|
| का.वा.नगर प्रमुख | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं.१ | श्री खरसिं दरै | उपस्थिति |
| का.वा.वडा अध्यक्ष वडा नं.४ | श्री पदमबहादुर क्षेत्री | उपस्थित |
| का.वा.वडा अध्यक्ष वडा नं.५ | श्री कृष्णदेवी खनाल | उपस्थित |
| का.वा.वडा अध्यक्ष वडा नं.६ | श्री लक्ष्मीदेवी के.सी. | उपस्थित |
| का.वा.वडा अध्यक्ष वडा नं.७ | श्री कुलदिप कुमार बानिया | उपस्थित |
| का.वा.वडा अध्यक्ष वडा नं.८ | श्री प्रदिप आचार्य | उपस्थित |
| का.वा.वडा अध्यक्ष वडा नं.९ | श्री सूर्यबहादुर थापा | उपस्थित |
| का.वा.वडा अध्यक्ष वडा नं.११ | श्री सुमिता वि.क. | उपस्थित |
| का.वा.वडा अध्यक्ष वडा नं.१२ | श्री मिना राना पन्थ | उपस्थित |
| का.वा.वडा अध्यक्ष वडा नं.१४ | श्री मोहन थापा | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | उपस्थित |
| सचिव | श्री डिल्लीराम सिग्देल | उपस्थित |
| वरिष्ठ प्रशासकीय अधिकृत | श्री रामचन्द्र हड्खले | उपस्थित |

<u>प्रस्तावहरु</u>

प्रस्ताव नं.१: विशेष र समपुरक योजना सम्बन्धमा ।
प्रस्ताव नं.२ : IEE गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.३ : PCR मेशिन मर्मत सम्बन्धमा ।
प्रस्ताव नं.४ : निर्देशन सम्बन्धमा ।
प्रस्ताव नं.५ : भुक्तानी सम्बन्धमा ।
प्रस्ताव नं.६ : जग्गा रजिष्ट्रेशन छुट सम्बन्धमा ।
प्रस्ताव नं. ७ : पुराना सामान लिलाम विक्री सम्बन्धमा ।

**<u>निर्णय नं.१:</u>** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा अर्थ मन्त्रालय गण्डकी प्रदेशद्वारा डिपिआर भएका ३ (तीन) वटा ठूला योजना छनौट गरी पठाउन गरेको परिपत्र बमोजिम व्यास नगरपालिकाका निम्न योजनाहरु छनौट गरी अर्थ मन्त्रालय गण्डकी प्रदेशमा पठाउने निर्णय गरियो ।

१. विषेश योजना : व्यास १०, दुम्सीचौरमा नारेश्वर ताल निर्माण ।
२. समपुरक योजना : (ख) केशवटार मार्ग कालोपत्रे– व्यास १३ र १४
(ग) छाँगा बाराही मन्दिर गुरु योजना निर्माण– व्यास १०

**<u>निर्णय नं.२:</u>** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाद्वारा नदिजन्य पदार्थको टेण्डर लगाउँदा हरेक २/२ बर्षपछि IEE गरेर मात्र टेण्डर प्रकृयामा जानपर्ने कानूनी प्रावधानलाई मध्यनजर

गरी व्यास नगरपालिकाको हालसम्म टेण्डर लागेका नदिजन्य पदार्थ उत्खनन् गर्ने घाटहरुको IEE गर्ने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाद्वारा चालु आ.व. का लागि छुट्याईएको बजेटका अधिनमा रही सञ्चालित योजना एवं सञ्चालन गर्नपर्ने योजनाहरुलाई यथाशिघ्र सम्पन्न गर्न गराउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाद्वारा यस अघि विभिन्न मितिमा कार्य सञ्चालन गर्ने भनि कार्यपालिका बैठकबाट भएका निर्णयहरुमा हाल तत् तत् शिर्षकमा रकम अभाव भएकाले पछि सोधभर्ना हुने गरी निम्नानुसारका शिर्षकबाट हाललाई भुक्तानी दिने निर्णय गरियो ।
(क) क्यालेण्डर छपाई खर्च शिर्षक नं. १५१
(ख) न्यायिक समितिबाट भए गरेका कामको बृत्तचित्र निर्माण शिर्षक नं. १५१
(ग) व्यास न.पा. को शिक्षा खेलकूद सम्बन्धी वृत्तचित्र निर्माण शिर्षक नं. १६१
(घ) जनप्रतिनिधि आए पश्चात भए गरेका उल्लेखनीय कार्यको वृत्तचित्र निर्माण शिर्षक नं. १६३

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं. ४ बस्ने प्रो. श्री खेमराज गुरुङ्गबाट सञ्चालन हुदै आएको तिर्थ एग्रो एण्ड मल्टीप्रपोज प्रा.लि. फर्म कृषि सम्बन्धी व्यवसाय सञ्चालन गरी थप विस्तार प्रवर्द्धनका लागि काहुँ वडा नं. १ कास्की बस्ने श्री नारायण प्रसाद आचार्य समेतको नाममा रहेको साविक फराकचौर नक्सा नं. ६/ङ कित्ता नं. १५४, १५३, ४५५ र ४५४ क्षेत्रफल ३-८-१-०, ३-८-०-२, ३-२-०-० र २-१०-०-० रहेको जग्गा उल्लेखित प्रा.लि. ले रजिष्ट्रेशन गरी लिन लागेकाले नियमानुसार रजिष्ट्रेशन शुल्कमा छुट गरिदिन सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका जिन्सी निरीक्षण समितिद्वारा प्राप्त प्रतिवेदन अनुसार नगरपालिकामा रहेका पुराना सामान लिलाम विकी गर्नका लागि निम्नानुसारको समिति निर्माण गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| संयोजक श्री डिल्लीराम सिग्देल | – प्रमुख प्रशासकीय अधिकृत |
| सदस्य श्री रामचन्द्र हड्खले | – वरिष्ठ प्रशासकीय अधिकृत |
| सदस्य श्री हेमन्त गुरुङ्ग | – लेखा अधिकृत |
| सदस्य श्री वीरेन्द्र थापा | – ईन्जिनियर |
| सदस्य-सचिव श्री कृष्ण प्रसाद पौडेल | – ना.सु. |